**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

२०८२ श्रावण-पौषसम्म

सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

# नमोबुद्ध नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

## स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन यस नगरपालिकाले २०८२ श्रावण-पौषसम्म अवधिमा सम्पादित प्रमुख कार्यहरू प्रकाशित गरेका छौँ ।

यसै क्रममा, नगरपालिकाले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.व. २०८२/०८३ सालको श्रावण देखि पौष महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई नगरपालिकाले ६ महिना सम्पन्न भएको मुख्य कार्यको विवरण प्रकाशित गरेको छ ।

**नमोबुद्ध नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति : २०८२ माघ १२ गते

# विषयसूची


१. नगरपालिकाको परिचय
२. नगरपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण
३. नगरपालिकाबाट प्रदान गरिने सेवा
४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख
५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
६. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
७. निर्णय उपर उजुरी सुन्ने अधिकारी
८. सम्पादन गरेको कामको विवरण
९. सूचना अधिकारी र प्रमुखको नाम र पद
१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१२. तोकिए बमोजिमका अन्य विवरण
१३. आ. व. २०८२/०८३ (श्रावण-पौष) मा सञ्चालित कार्यक्रमहरू
१४. सार्वजनिक निकायको वेबसाइट
१५. आयोगले प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण
१६. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन
१७. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली
१८. आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय
१९. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौ, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**२०८२ श्रावण-पौषसम्म सम्मको विवरण**

# १. परिचय

## १.१. नगरपालिकाको संक्षिप्त परिचयः

आज भन्दा करिब ६ हजार बर्ष पहिले सिंघत छेन्पो नाम गरेका राजाले राज्य गर्थे । उनका ३ भाई छोराहरु जेठा ड्राआ छेन्पो, माइला लाहा छेन्पो र कान्छो सेमचेन छेल्पो थिए । जेठा र माईला राजकाज एवं युद्धकलामा निपूर्ण रहेका र कान्छा छोरा सुशील, दयालु र सहनशील स्वभावका थिए । उनै कान्छा छोरा सेमचेन छेल्पोले आफ्ना पाँच ओटा डमरु सहितको बघिनी भोको र अचेत रुपमा सुतिरहेको अवस्थामा देखि आफ्नो शरिरको मासु टुक्राटुक्रा पारी, छाती खोपेर रगत निकाली बघिनीलाई खुवाएको तथा ती राजकुमार नै पछि गएर बुद्ध बनेको र बघिनीका पाँचवटा बच्चाहरु उनको शिष्य भएको साथै तिनै राजकुमारको नामबाट यस नगरपालिकाको प्रमुख धार्मिक स्थलको नाम नमोबुद्ध रहन गएको किम्बदन्ती छ । यसै प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलको नामबाट यस नगरपालिकाको नामाकरण गरीएको छ ।

नेपालको संविधानमा भएको व्यवस्था बमोजिम प्रत्येक नगरपालिका एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सँगठित संस्था हुनेछ । नगरपालिकाको आफ्नो छुट्टै छाप हुनेछ । नगरपालिकाले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेच-विखन गर्न सक्नेछ । नगरपालिकाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपरपनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ भन्ने उल्लेख गरे अनुसार नै यस नगरपालिका पनि सञ्चालन र व्यवस्थित गरीएको छ ।

संविधान बमोजिम स्थानीय तहको गठन हुँदा काभ्रेपलाञ्चोक जिल्लामा ६ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी १३ वटा स्थानीय तह कायम भएका छन् । नमोबुद्ध नगरपालिका साविकका ८ वटा गाविसहरु मथुरापाटी फुलवारी, मेथिनकोट, कानपूर कालापानी, खनालथोक, पुरानोगाउँ दाप्चा, छत्रेबाँफ दाप्चा, डराउने पोखरी र श्यामपाटि सिमलचौर मिलाएर बनाईएको छ । यस नगरपालिकामा ऐतिहासिक स्थलहरु नमोबुद्ध, दाप्चा, फुलवारी र भकुण्डेबेशीँ लगायतका अधिकांश क्षेत्रमा कृषि, व्यापार र व्यवसायसँग सम्वन्धित प्रचुर सम्भावनाहरु रहेका छन् ।

यस नगरपालिकामा विशेष गरी हिन्दु, बौद्ध र इशाई धर्मावालम्वीहरुको बसोबास रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री र तामाङ्ग जातिको बाहुल्यता रहेको छ । यहाँका नागरीकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा अँगाल्दै आएका छन् । धुलिखेल, बनेपा र काठमाडौं उपत्यकाबाट नजिक रहेकोले यस नगरपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा बढी खपत र बिक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस नगरमा मानव बसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । नमोबुद्ध नवगठित नगरपालिका भएकोले यसलाई एक सक्षम नगरपालिकाको रुपमा स्थापना गर्ने चुनौति रहेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तवरबाट लाग्नु पर्ने आवश्यकता रहेकोछ ।

यस कारण नमोबुद्ध नगरपालिकाले क्रमशः यस नगर क्षेत्रको समग्र विकासका पहलहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु तयार गरी अगाडि बढ्ने जमर्को गरेको छ । यसै क्रममा नगरवासीहरुको सक्रिय सहभागितामा आर्थिक वर्ष २०७६/०७७ को लागि वार्षिक नगर विकास नीति कार्यक्रम तथा बजेट तयार गरी पाँचौ नगर सभाबाट स्वीकृत गरेको छ ।

### १.१.१. भौगोलिक अवस्थिति

सिमाना : पूर्व : तेमाल गाउँपालिका
पश्चिम : धुलिखेल र पनौति नगरपालिका
उत्तर : पाँचखाल र धुलिखेल नगरपालिका
दक्षिण : रोशी र बेथानचोक गाउँपालिका
क्षेत्रफल : १०२ वर्ग कि.मी.
हावापानी : मध्यम (समशितोष्ण), पहाडी वातावरण

### १.१.२. नगरको प्रशासनिक विभाजन : ११ वडा केन्द्र

### १.१.३. नगरका मुख्य नदि खोला तथा तालतलैयाहरु :

- ☞ मुख्य नदिहरु : रोशी खोला
- ☞ खोलाहरु : दाप्चा, सोती, हिले, झिगु, दहरे, समुन्द्रे खोला आदि ।
- ☞ तालतलैयाहरु : डराउने पोखरी,भैरब कुण्ड, ठुल्धारा पोखरी आदी ।

### १.१.४. पार्कहरु :

- ☞ पौडेलचौर वातावरणमैत्री पार्क ।

### धार्मिक पर्यटकीय स्थलहरु :

| क्र.सं. | धार्मिक स्थलको नाम | मेला लाग्ने दिन | प्रसिद्धिको कारण |
|---|---|---|---|
| १ | नमोबुद्ध | कात्तिक शुक्ल पूर्णिमा | |
| २ | कालिका मन्दिर, दाप्चा | बडा दशै, अष्टमी | |
| ३ | श्री कुष्ण मन्दिर, दाप्चा | श्री कृष्ण जन्म अष्टमी | |
| ४ | जगबैदेश्वर मन्दिर, नौबिसे | बला चर्तुदशी,तिज,श्राबण महिना र माघ महिना | |
| ५ | भिमसेन स्थान, दाप्चा | बडा दशै, अष्टमी | |
| ६ | अमर अखण्ड हरिनाम सकीर्तन | अखण्ड कीर्तन (सदावहार) | |
| ७ | फूलबारीको मथुरेश्वर | बला चर्तुदशी,तिज,श्राबण महिना र माघ महिना | |
| ८ | श्यामपाटिको शिव मन्दिर | बला चर्तुदशी,तिज,श्राबण महिना र माघ महिना | |
| ९ | रक्तकाली मन्दिर | चैते दशौ, बडा दशै | |
| १० | कालिका मन्दिर कालापानी कानपूर | दैनिक पूजाआजा र विशेष चाडपर्वहरुको दिन | |
| ११ | धुँवाकोट देवी मन्दिर | दैनिक पूजाआजा र विशेष चाडपर्वहरुको दिन | |

| | | | |
|---|---|---|---|
| १२ | भैरव कुण्ड | श्रावण महिना भरी जगवैजेश्वर, कुशेश्वरमा जल लैजाने | |
| १३ | सातमूल बोहोरे | | सात फरक मूलबाट फरक स्वादको पानी |
| १४ | रेञ्जेन दोर्जे स्मृती प्रतिष्ठान (कोट तेमाल) | | |
| १५ | विभिन्न वडा रहेका धार्मिक स्थलहरु ( गुम्बा, मठ-मन्दिर, चर्च आदि) | | |

**१.१.५. नगरपालिकाको वडाहरुको जनसङ्ख्या (राष्ट्रिय जनगणना २०७८ अनुसारको):**

| वडा नम्बर | क्षेत्रफल | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| वडा नम्बर ०१ | ५७४. | ४३६ | ७७६ | ८३५ | १६११ |
| वडा नम्बर ०२ | १२३६. | १००६ | १८३४ | २००५ | ३८३९ |
| वडा नम्बर ०३ | ७७४. | ५७१ | ९९६ | ११३७ | २१३३ |
| वडा नम्बर ०४ | १३६६. | ६२१ | ११९८ | १२६५ | २४६३ |
| वडा नम्बर ०५ | १८७६. | ९१५ | १६३८ | १६६७ | ३३०५ |
| वडा नम्बर ०६ | ५२२. | ३६० | ६२१ | ६९८ | १३१९ |
| वडा नम्बर ०७ | ७६. | १००८ | १७८६ | १८७७ | ३६६३ |
| वडा नम्बर ०८ | ८६४. | ५५७ | ८६७ | १०४६ | १९१३ |
| वडा नम्बर ०९ | ९२३. | ५३० | ७६० | ९२४ | १६८४ |
| वडा नम्बर १० | ४३८. | ४८४ | ८९९ | ९३१ | १८३० |
| वडा नम्बर ११ | ९०५. | ६६० | ११२१ | १२७९ | २४०० |
| | **१०२** | **७१४८** | **१२४९६** | **१३६६४** | **२६१६०** |

## १.२ विद्यमान अवस्थाको समिक्षाः

### १.२.१. सवल पक्ष

नगरपालिका गठन हुनु आफैमा ठूलो उपलब्धी र सवल पक्ष हो । स्थानीय तहको घोषणा पश्चात निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हाले पश्चात जनतामा अपार उत्साह छाएको र विकासले गति लिएको अवस्था रहेको छ । जनशक्ति र भौतिक साधन श्रोतको हिसावले तुलनात्मक रुपमा नगरपालिकाको अवस्था राम्रो रहेको छ । नगरपालिकाको आफ्नै भवन निर्माण सम्पन्न हुने अवस्थामा छ । पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने सम्भावना प्रसस्त रहेको नमोबुद्ध विश्व भरिका  बौद्ध धर्मावलम्बीहरुको तीर्थस्थल रहेको कारण यस क्षेत्रमा पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको छ । दन्तलहर झै मिलेका हिम शृङ्खला प्रष्टै देखिने फूलबारी तथा दाप्चा लगायतका क्षेत्रमा घरवास (Homestay) संचालन गरी स्थानीय संस्कृति झल्काएर समेत पर्यटकलाई मनोरञ्जन दिन सकिन्छ । यस नगरपालिकाको मध्यविन्दु भएर गएको बि.पि. राजमार्गले यस जिल्लालाई तराईसँग जोड्ने हुँदा आर्थिक विकासको समेत ठूलो सम्भावना रहेको छ ।

### १.२.२. कमजोर पक्ष

नगरपालिका गठन पनि जनमानसमा पुरानै सोच कायम रहेको कारण आफूले नगरपालिकाबाट सेवा सुविधा प्राप्त गरे बापत तिर्नुपर्ने कर, दस्तुर तथा राजश्व बुझाउनु पर्छ भन्ने भावना तथा बानीको विकास हुन सकेको छैन । नगरपालिकाको कार्य बोझ अनुसार जनशक्तिको कमी रहेको तथा साधनश्रोत अत्यन्तै न्यून रहेको छ । सँगठन तथा व्यवस्थापन (Organization and Management) सर्भे गरेर कार्यबोझको आधारमा जनशक्तिको दरवन्दी तथा सँगठन संरचना स्वीकृत नहुँदा दैनिक प्रशासनिक तथा विकासात्मक क्रियाकलापहरु संचालन गर्न समस्या रहेको छ ।

### १.२.३. अवसर

यस नगरपालिका क्षेत्रमा हालसम्म अत्याधिक रुपमा जग्गा प्लटिङ्ग/खण्डिकरण नभएको कारणले Land Poolings गरी व्यवस्थित बस्ती विकासको सम्भावना रहेको छ । मापदण्ड भन्दा बाहिर गएर भौतिक संरचनाहरु नबनेको कारण व्यवस्थित शहरीकरण तथा आकर्षक ढङ्गबाट विकासका क्रियाकलापहरु सञ्चालन गर्न सकिने अवस्था रहेको छ । प्राकृतिक श्रोत तथा साधनहरु प्रचुर मात्रामा रहेको कारण सोको व्यवस्थित तवरले उपभोग गर्न सकिने र स्थानीय आवश्यकता अनुसारको विकास गर्न सकिने अवसर रहेको छ ।

### १.२.४. चूनौती

उपलब्ध सिमित श्रोत र साधनबाट जनताको बढ्दो जनआकाँक्षाको सम्बोधन, नगरपालिकाको बजार क्षेत्रमा उत्पादन हुने फोहोरजन्य वस्तुहरुको उचित व्यवस्थापन, नगरपालिकाको अधिकांश क्षेत्र भौगोलिक आधारमा विकट रहेको हुँदा समयमानै उक्त विकट क्षेत्रहरुमा व्यवस्थित सडक लगायतका विकासका पूर्वाधारहरु निर्माण गर्न कठिनाई रहेको छ । साथै दैनिकरुपमा जनतालाई गुणस्तरीय सेवा प्रवाह गरी सुशासन सहितको सेवा प्रवाह गर्नु चुनौतीपूर्ण रहेको । साथै हालसम्म केन्द्र, प्रदेश र स्थानीय तहको राजश्व अधिकार लगायतका विषयमा नीतिगत अन्यौलता कायम रहेको कारणले पनि दैनिक कार्य सम्पादनमा केही असहजता रहेको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार :

यस नगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरू, समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरू समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

## ३. नगरपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण :

यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरूको संख्या, कर्मचारीको सेवा, समूह, तह समेतको विस्तृत विवरण समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np मा समेत राखिएको छ ।

## ४. नगरपालिकाबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), निर्णयहरू तथा नमोबुद्ध नगरपालिकाको अविछिन्न अभ्यासहरूको अधीनमा रही स्थानीय सरकारका रूपमा सेवा, सुविधाहरू प्रदान गरिरहेको छ ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरूको संख्या, कर्मचारीको सेवा, समूह, तह समेतको विस्तृत विवरण र नगरपालिकाको सँगठन संरचना समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np मा समेत राखिएको छ ।

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण नमोबुद्ध नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय कानून, नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरू तथा समय समयमा हुने

निर्णयहरूको अधीनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट सँगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरूको कार्य विवरण स्पष्ट तोकिएको छ। नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगरसभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, योजना तथा प्राविधिक शाखा, सम्पदा उपशाखा, र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस नगरपालिकाको काम कारबाही सम्बन्धमा सेवाग्राहीहरूको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको केन्द्रीय स्तरमा निम्न बमोजिम गुनासो सुन्ने अधिकारी व्यवस्था गरिएको छ।

पद : वरिष्ठ जनस्वास्थ्य अधिकृत

नामः पवन कुमार लामा

सम्पर्क नम्बरः ९८५२८२५२००

इमेल ठेगानाः pawanlama911@gmail.com

## ९) सम्पादन गरेको कामको विवरणः

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारका रूपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारबाहीहरू गर्दै आइरहेको छ।

## १०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नामः कृष्ण गिरी

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : caonamobuddha@gmail.com

सम्पर्क नम्बर : ९८५१२५००३२

सूचना अधिकारीको नामः अनिता अधिकारी

पदः शाखा अधिकृत

इमेल ठेगानाः suchanaadhikari@namobuddhamun.gov.np

सम्पर्क नम्बर : ९७६२८८८८५६

## ११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूचीः

नमोबुद्ध नगरपालिकासँग सम्बद्व संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि र निर्देशिकाहरुको परिकल्पना गरिरहेको छ। उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानूनी प्रबन्धहरुको विस्तृत सूची नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np मा समेत राखिएकोछ।

## १२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np मा राख्ने गरिएको छ । मिति २०८२/०४/०१ देखि मिति २०८२/०९/३० गते सम्मको क्षेत्रगत बजेत तथा खर्च विवरण यस प्रकार रहेको छ ।

1/27/26, 3:14 PM SuTRA::

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक**
**कार्यालयको कोड : ८०३२६४०२३००**

**राजस्व शीर्षक अनुसार संकलन**

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०९/३०

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ४०,०८,४८३.१२ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ७,८५९.५० | |
| ३ | ११३१७ | वहाल कर | ७,५१,४१४.४४ | |
| ४ | ११३१८ | वहाल विटौरी कर | ९,८६,८१५.७२ | |
| ५ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ३००.०० | |
| ६ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २६,१५०.०० | |
| ७ | ११६९१ | अन्य कर | १८,२४०.०० | |
| ८ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५००.०० | |
| ९ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५८,८००.०० | |
| १० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २१,०९,०५५.९० | |
| ११ | १४२२१ | न्यायिक दस्तूर | ३३०.०० | |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,६८,२५०.०० | |
| १३ | १४२४२ | नक्सापास दस्तुर | ३,१४,९२२.३६ | |
| १४ | १४२४३ | सिफारिश दस्तुर | ९,५५,०२२.५० | |
| १५ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,६२,७६०.०० | |
| १६ | १४२४५ | नाता प्रमाणित दस्तुर | २,१०,१०५.०० | |
| १७ | १४२४९ | अन्य दस्तुर | ४,९४,५२०.९२ | |
| १८ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,६०,९००.०० | |
| १९ | १४२६५ | अन्य क्षेत्रको आय | ३०.०० | |
| २० | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,३००.०० | |
| २१ | १४५२९ | अन्य राजस्व | २३,०४०.०० | |
| २२ | १४६११ | व्यवसाय कर | १०,९०,६००.०० | |
| २३ | १५१११ | बेरूजू | ११,८८०.०० | |
| २४ | १५११२ | निकासा फिर्ता | १,४००.०० | |
| | | जम्मा | १,२१,६६,६७९.४६ | |

रामचन्द्र पौडेल
(राजस्व शाखा)

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक**
**कार्यालयको कोड : ८०३२६४०२३००**

**क्षेत्रगत बजेट तथा खर्च**

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०९/३०

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,००,००,०००.०० | ६,४०,७३४.०० | २.१४ | २,९३,५९,२६६.०० |
| १ | कृषि | २,३८,५०,०००.०० | ३,४१,७३४.०० | १.४३ | २,३५,०८,२६६.०० |
| २ | उद्योग | १५,५०,०००.०० | ०.०० | ० | १५,५०,०००.०० |
| ३ | पर्यटन | १,००,०००.०० | ९९,०००.०० | ९९ | १,०००.०० |
| ४ | सहकारी | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| ५ | जलश्रोत तथा सिंचाई | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| ६ | पशुपन्छी विकास | ४०,००,०००.०० | २,००,०००.०० | ५ | ३८,००,०००.०० |
| २ | सामाजिक विकास | ३४,४२,५४,६३०.०० | १२,३८,७०,५६९.९४ | ३५.९७ | २२,०३,८४,०६०.०६ |
| १ | शिक्षा | २२,४३,८८,६३०.०० | १०,००,९६,१०२.९४ | ४४.६१ | १२,४२,९२,५२७.०६ |
| २ | स्वास्थ्य | ७,८०,५८,०००.०० | २,१६,७५,८०३.०० | २७.७७ | ५,६३,८२,१९७.०० |
| ३ | खानेपानी तथा सरसफाई | ६७,५०,०००.०० | ०.०० | ० | ६७,५०,०००.०० |
| ४ | भाषा तथा संस्कृति | १८,६०,०००.०० | १,००,०००.०० | ५.३८ | १७,६०,०००.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २,२४,००,०००.०० | ५,४३,१२५.०० | २.४२ | २,१८,५६,८७५.०० |
| ६ | युवा तथा खेलकुद | ३७,५०,०००.०० | ५,००,०००.०० | १३.३३ | ३२,५०,०००.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ७०,४८,०००.०० | ९,५५,५३९.०० | १३.५६ | ६०,९२,४६१.०० |
| ३ | पूर्वाधार विकास | २१,२७,४०,८१७.४३ | ३,०४,१२,५७०.०० | १४.३ | १८,२३,२८,२४७.४३ |
| १ | यातयात पूर्वाधार | १४,२५,७५,८१७.४३ | १,३८,३९,२४३.०० | ९.७१ | १२,८७,३६,५७४.४३ |
| २ | भवन, आवास तथा सहरी विकास | ४,८१,००,०००.०० | १,६५,७३,३२७.०० | ३४.४६ | ३,१५,२६,६७३.०० |
| ३ | उर्जा | ६५,००,०००.०० | ०.०० | ० | ६५,००,०००.०० |
| ४ | सम्पदा पूर्वाधार | ९०,४५,०००.०० | ०.०० | ० | ९०,४५,०००.०० |
| ५ | पुननिर्माण | ६५,२०,०००.०० | ०.०० | ० | ६५,२०,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,१६,४०,०००.०० | १५,५५,९१४.०० | १३.३७ | १,००,८४,०८६.०० |
| १ | वातावरण तथा जलवायु | २४,००,०००.०० | ५२,२००.०० | २.१८ | २३,४७,८००.०० |
| २ | विपद व्यवस्थापन | ५०,००,०००.०० | १५,०३,७१४.०० | ३०.०७ | ३४,९६,२८६.०० |
| ३ | मानब संशाधन विकास | १०,४०,०००.०० | ०.०० | ० | १०,४०,०००.०० |
| ४ | शान्ति तथा सुव्यवस्था | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ५ | कानुन तथा न्याय | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ६ | शासन प्रणाली | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| ७ | तथ्यांक प्रणाली | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,८६,८७,७१३.१६ | ३,५१,०६,५१४.६८ | १६.८२ | १७,३५,८१,१९८.४८ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,८६,८७,७१३.१६ | ३,५१,०६,५१४.६८ | १६.८२ | १७,३५,८१,१९८.४८ |
| | कुल जम्मा | ८०,७३,२३,१६०.५९ | १९,१५,८६,३०२.६२ | २३.७३ | ६१,५७,३६,८५७.९७ |

## १३. तोकिए बमोजिमका अन्य विवरण :

चालु आ.व. २०८२/०८३ (श्रावण-पौष) मा उजुरी, निवेदन र पुनरावेदनको विवरण निम्नानुसार रहेको छ ।

चालु आ.व.०८२/०८३ श्रावण देखि पौष मसान्त सम्मको उजुरी निवेदन र पुनरावेदन विवरण।

| महिना | मुद्दा दर्ता संख्या | १०(२) आदेश | ३(क) आदेश | ३(ख) आदेश | १९ (ख) आदेश | २९(५) आदेश | पत्राचार | इजलास संख्या |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | - | ३ | ३ | - | २ | १ | ३ | ३ |
| भाद्र | २ | १ | २ | - | १ | - | २ | १ |
| असोज | २ | - | २ | - | १ | - | २ | - |
| कार्तिक | - | २ | १ | - | १ | - | २ | २ |
| मंसिर | ३ | ३ | २ | - | २ | - | ३ | ३ |
| पौष | ५ | १ | १ | - | १ | - | २ | १ |

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेसी, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

हरिश्चन्द्र खड्का न्यायिक समिति कर्मचारी

## १३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np राखिएको छ ।

## १४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:

यस नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सो को विवरण आ.व. २०८१/०८२ को वार्षिक प्रगती प्रतिवेदनमा प्रकाशन गरिएको छ ।

## १५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:

नमोबुद्ध नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरू जानकारीका लागि नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np रहेको छ ।

## १६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता भए/नभएको विवरण नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np रहेको छ । साथै सो को विवरण आ.व. २०८१/०८२ को वार्षिक प्रगती प्रतिवेदनमा प्रकाशन गरिएको छ ।

## १७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :

नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरू आ.व.२०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ । सोको प्रगति प्रतिवेदन नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np रहेको छ ।

**१८) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**

यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङक एवं आवश्यक दस्तावेजहरूको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरू नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरूले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ। मिति २०८२/०४/०१ देखि मिति २०८२/०९/३० सम्ममा ५ जना निवेदकहरूलाई सूचना उपलब्ध गराइएको छ भने प्राप्त हुन आएका गुनासाहरु नियमित रुपमा सुनुवाई भएका छन् । उक्त विवरण नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np मा समेत राखिएको छ ।

**२०) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:**

महत्वपूर्ण सूचनाहरू राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण नमोबुद्ध नगरपालिकाको वेबसाइट www.namobuddhamun.gov.np मा राख्ने गरिएको छ। फेसबुक पेज https://www.facebook.com/hellonamobuddhamun मार्फत समेत नगरपालिका सम्बन्धी सूचना, तथ्यांक र गतिविधिहरू सार्वजनिक भइरहेका छन् ।